मिति :- २०७९/०५/२३ गते
समय :- मध्यान्हः विहान ११:०० बजे
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **सातौं बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | [signature] |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | [signature] |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | [signature] |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | [signature] |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | [signature] |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | [signature] |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | [signature] |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | [signature] |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | [signature] |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | [signature] |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | [signature] |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | [signature] |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | [signature] |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | [signature] |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | [signature] |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | [signature] |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | [signature] |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | [signature] |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | [signature] |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | [signature] |
| २५ | शेरप्रसाद ढकाल | सचिव | [signature] |

अन्य उपस्थिति

१ - गणेश बुढामगर - अधिकृत छैटौं - [signature]
२ - देवबहादुर बटाला - प्रशासन सहायक - [signature]

नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**मिति २०७९/०५/२३ गतेको नगर कार्यपालिकाको सातौं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | भूउपयोग नियमावली, २०७९ को अनुसूची-१ मा उल्लेखित मापदण्डमा रही भूउपयोग ऐन, २०७६ को दफा (४) बमोजिम भूउपयोग क्षेत्रको वर्गीकरण गर्न अभिमुखीकरण गरी वडाहरूबाट विवरण माग गर्ने सम्बन्धी प्रस्ताव । | भूउपयोग नियमावली, २०७९ को अनुसूची-१ मा उल्लेखित मापदण्डमा रही भूउपयोग ऐन, २०७६ को दफा (४) बमोजिम भूउपयोग क्षेत्रको वर्गीकरण गर्न अभिमुखीकरण गरी वडाहरूबाट विवरण माग गर्ने । | |
| २ | लघुउद्यम कार्यक्रमको लागि स्थान छनोट गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लघुउद्यम कार्यक्रमको लागि स्थान छनोट गर्ने । | |
| ३ | गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा | गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ स्वीकृत गर्ने । | |
| ४ | चौरजहारी नगरपालिकाको कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने । | |
| ५ | संस्थागत जमानतको लागि सही छाप र हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकाका शेयर धनी रहेको कम्पनी स्यार्पु कृषि कम्पनी लिमिटेडले निर्माणाधीन ४० हजार लिटर प्रति दिन क्षमताको डेरी उद्योग निर्माण गरी सञ्चालन गर्नको लागि राष्ट्रिय वाणिज्य बैङ्कबाट कर्जा स्वीकृत भएकोले उक्त कर्जामा यस नगरपालिकाको तर्फबाट संस्थागत जमानतको हस्ताक्षर गर्नको लागि अख्तियारी दिने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६ | चौरजहारी नगरपालिकाको स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गर्ने । | |
| ७ | चौरजहारी नगरपालिकाको नगर विकास समित गठन गर्ने सम्बन्धी प्रस्ताव | नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम नगर विकास समिति गठन गर्न सोही ऐनको दफा ४ को उपदफा ४.२ मा उल्लेख भएबमोजिमका पदेन सदस्यहरू बाहेक नगर कार्यपालिकाबाट तोक्नुपर्ने सदस्यहरू मनोनयन गर्ने । | |
| ८ | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७९/०८० को लागि निर्माण सामग्री र ढुवानी, मेसिन तथा उपकरणको भाडा र कामको ज्याला निश्चित गर्ने प्रयोजनार्थ तयार गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को दररेट अनुमोदन गर्ने । | |
| ९ | भवनहरूको अभिलेखिकरण / नक्सापास गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका वडा नं. १ बैंक जाने बाटो लगायएतका भित्रि बाटोहरू (नापी कार्यालयबाट प्लटिङ्ग भइ ४ (चार) मिटर बाटो लगत कट्टा भएको) मा दायाँबायाँ घर निर्माण भइ हाल पुरानै बाटोलाई आधारमानी नगरपालिकाबाट अभिलेखिकरण वा नक्सापास गर्ने । | |
| १० | चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरभित्र सञ्चालनमा रहेका क्यान्टिनको सम्झौता थप गर्ने सम्बन्धी प्रस्तावमा | चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरभित्र सञ्चालनमा रहेका क्यान्टिनहरू | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | आर्थिक वर्ष २०७९/०८० मा सञ्चालनको लागि सम्झौता थप गर्ने। | |
| ११ | करार पदमा पशु चिकित्सक पदपूर्ति गर्ने सम्बन्धी प्रस्तावमा | चौरजहारी नगरपालिकामा आर्थिक वर्ष २०७९/०८० को सङ्घ सरकारको सर्सत स्वीकृत वार्षिक कार्यक्रमअनुसार एक जना करार पदमा पशु चिकित्सक पदपूर्ति गर्ने। | |
| १२ | थ्री फेज मिटर खरिद गर्ने सम्बन्धी प्रस्तावमा | चौरजहारी नगरपालिका अन्तर्गतका विभिन्न कार्यालय, योजना तथा परियोजनाहरूको लागि आवश्यक ६ (छ) वटा थ्री फेज मिटर खरिद गर्ने। | |
| १३ | योजनाहरूको फरफारक वापतको रकम भुक्तानी दिने सम्बन्धी प्रस्तावमा | चौरजहारी नगरपालिकाबाट आ.व. २०७८/०७९ मा सञ्चालित योजनाहरूको भुक्तानी दिंदा कट्टी गरेको फरफारक रकम भुक्तानी दिने। | |
| १४ | बहुक्षेत्रीय पोषण योजनाको विस्तृत कार्ययोजना स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७०/०८० को लागि प्रस्तावित बहुक्षेत्रीय पोषण योजनाको विस्तृत कार्ययोजना कार्यान्वयनको लागि स्वीकृत गर्ने। | |
| १५ | रिट नं. ०७९-WO-००८२ मुद्दाको सम्पूर्ण कार्य गर्नको लागि अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्तावमा | रिट नं. ०७९-WO-००८२ मुद्दाको सम्पूर्ण कार्य गर्नको लागि अख्तियारी प्रदान गर्ने। | |
| १६ | विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. आर्थिक वर्ष २०७९/८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रकम विनियोजन भएको यस चौरजहारी नगरपालिका वडा नं. ३, रुकुम (पश्चिम) को मेलसोता चिसापानी सिंचाई | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | | कुलो निर्माण योजनाको शिर्षक परिवर्तन गर्ने।<br>२. आर्थिक वर्ष २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि मुख्यमन्त्री कार्यालयबाट स्वीकृत योजनाहरू मध्ये चिसापानी नुहार सिँचाई कुलो निर्माण आयोजना संशोधनका लागि मुख्यमन्त्री कार्यालय, कर्णाली प्रदेशमा पठाइएकोले उक्त आयोजना बाहेक अन्य स्वीकृत भइ आएका आयोजनाहरू कार्यान्वयन तथा सञ्चालन गर्ने।<br>३. आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार कवर्ड हल निर्माणको लागि रकम विनियोजन भएकोले उक्त योजना सञ्चालन गर्न श्री शीतल माध्यमिक विद्यालय, चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) को जग्गा उपलब्ध गराउने।<br>४. चौरजहारी नगरपालिका अन्तर्गतका वडाहरूमा सञ्चालन हुने योजनाहरूको वडाबाट सम्झौता तथा भुक्तानी सिफारिस नदिने अवस्था सिर्जना भएमा नगर प्रमुख वा | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७२

| | | | |
|---|---|---|---|
| | | उपप्रमुखले त्यस्ता सिफारिसहरू दिने ।<br>५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, सिंहदरबार, काठमाण्डौको मिति २०७९/०४/०५ गतेको सूचना अनुसार यस चौरजहारी नगरपालिका अन्तर्गत वडा नं. ३ को अम्माचौरमा नगरपालिकाको नाममा रहेको बाँझो जमिनमा लागत सहभागितामा कृषि तथा पशु व्यवसाय (लेयर्स कुखुरा पालन र भैंसी पालन) गर्ने गरी सम्बन्धित मन्त्रालय / कार्यालयमा प्रस्ताव पेस गर्ने ।<br>६. चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) स्थित श्री शीतल माध्यमिक विद्यालयको भवन निर्माणको लागि स्वीकृत रकमको २०% रकम सुनिश्चिता गर्न सङ्घीय सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने प्रतिबद्धता सहित भारतीय राजदुताबाससँग उक्त विद्यालयको भवन निर्माणको लागि आवश्यक बजेट माग गर्ने ।<br>७. चौरजहारी नगरपालिका वडा नं. १ देखि १४ सम्मका सडकहरू मर्मत गर्ने । | |

## मिति २०७९/०५/२३ गतेको सातौं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'भूउपयोग नियमावली, २०७९ को अनुसूची-१ मा उल्लेखित मापदण्डमा रही भूउपयोग ऐन, २०७६ को दफा (४) बमोजिम भूउपयोग क्षेत्रको वर्गीकरण गर्ने अभिमुखीकरण गरी वडाहरूबाट विवरण माग गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रको भूउपयोगको अवस्था पहिचान मिति २०७९ साउन ३१ गतेको बैठकको निर्णयबमोजिम गठित स्थानीय भूउपयोग कार्यान्वयन समितिले उक्त ऐनको अनुसूची १ को मापदण्डबमोजिम पेस गर्ने अभिमुखीकरण गरी वडा समितिबाट निर्णय गराइ वडा अध्यक्षज्यूहरूले आगामी कार्यपालिका बैठकमा विवरण पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'लघुउद्यम कार्यक्रमको लागि स्थान छनोट गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार लघुउद्यम कार्यक्रम यस आर्थिक वर्षमा चौरजहारी नगरपालिका वडा नम्बर १०, ११ र १२ मा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**: प्रस्ताव नं. ३ **'गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा विधायन समितिमा छलफल भइ पेस हुन आएको चौरजहारी नगरपालिकाको गरिब, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा विधायन समितिमा छलफल भइ पेस हुन आएको चौरजहारी नगरपालिकाको कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'संस्थागत जमानतको लागी सही छाप र हस्ताक्षर गर्नेको अख्तियारी दिने सम्बन्धी प्रस्ताव'** मा छलफल गर्दा यस चौरजहारी नगरपालिकाका शेयर धनी रहेको कम्पनी स्यार्पु कृषि कम्पनी लिमिटेडले निर्माणाधीन ४० हजार लिटर प्रति दिन क्षमताको डेरी उद्योग निर्माण गरी सञ्चालन गर्नको लागि राष्ट्रिय वाणिज्य बैङ्कबाट मिति २०७९ पुस २६ गते कर्जा स्वीकृत भएकोले उक्त कर्जामा यस नगरपालिकाको तर्फबाट संस्थागत जमानतको लागि निमित्त

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत श्री शेरप्रसाद ढकाललाई हस्ताक्षरका लागि अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'स्वास्थ्य सङ्कट एवम् विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'नगर विकास समिति गठन सम्बन्धमा'** छलफल गर्दा नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम नगर विकास समिति गठन गर्न सोही ऐनको दफा ४ को उपदफा ४.२ मा उल्लेख भएबमोजिमका पदेन सदस्यहरू बाहेक नगर कार्यपालिकाबाट तोक्नुपर्ने सदस्यहरू देहायबमोजिम मनोनयन गरी नगर विकास समितिलाई पूर्णता दिने निर्णय गरियो ।

**तपसिल**

(क) उपदफा ४.२.५ अनुसार नगर कार्यपालिका सदस्यहरूमध्येबाट मनोनयन गरिएका सदस्यहरूको विवरण

१. कार्यपालिका सदस्य श्री ईन्द्रे गिरी
२. कार्यपालिका सदस्य श्री वीरबहादुर राना
३. कार्यपालिका सदस्य श्री लालबहादुर बुढा

(ख) उपदफा ४.२. ६ अनुसार स्थानीय क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान गरी आउनु भएका समाजसेवीहरूमध्येबाट कार्यपालिकाले मनोनय गरेका सदस्यहरूको विवरण :

१. श्री रिता न्यौपाने - चौरजहारी नगरपालिका -७, रुकुम (पश्चिम)
२. श्री निराजन के.सी. – चौरजहारी नगरपालिका -१०, रुकुम (पश्चिम)

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को लागि निर्माण सामग्री र ढुवानी, मेसिन तथा उपकरणको भाडा र कामको ज्याला निश्चित गर्ने प्रयोजनार्थ तयार गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को दररेट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ **'भवनहरूको अभिलेखीकरण / नक्सापास गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. १ बैंक जाने बाटो लगायएतका भित्रि बाटोहरू (नापी कार्यालयबाट प्लटिङ्ग भइ ४ (चार) मिटर बाटो लगत कट्टा भएको) मा दायाँबायाँ घर निर्माण

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

भइ नगरपालिकाबाट अभिलेखिकरण वा नक्सापास भएका घरको बीचमा पर्ने घरहरूमा ४ मिटर बाटो कायम गरी हालसम्म निर्माण भएका घरहरूको अभिलेख राखि मिति २०७९/०५/२३ गतेसम्म निर्माण सम्पन्न भएका घरहरूको अधिलेखिकरण गर्ने र घर नबनेका खाली घडेरीको हकमा नगरपालिकाको मापदण्ड बमोजिम ६ (छ) मिटर बाटो कायम हुने गरी सेटब्याक छोडी निर्माण कार्य गराउने गरियो।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरभित्र सञ्चालनमा रहेका क्यान्टिनको सम्झौता थप गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरभित्र सञ्चालनमा रहेका रुम्जा क्यान्टिन र नगर प्रहरी क्यान्टिन आर्थिक वर्ष २०७९/०८० मा सञ्चालनको लागि सम्झौता थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ११ :** प्रस्ताव नं. ११ **'करार पदमा पशु चिकित्सक पदपूर्ति गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकामा आर्थिक वर्ष २०७९/०८० को सङ्घ सरकारको सर्सत स्वीकृत वार्षिक कार्यक्रमअनुसार एक जना पशु चिकित्सक छैठौं तहको लागि बजेट विनियोजन भएकोले करार सेवामा प्रचलित कानुनबमोजिम हुने गरी उक्त पदको पदपूर्ति गर्ने निर्णय गरियो।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ **'थ्री फेज मिटर खरिद गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गतका विभिन्न कार्यालय, योजना तथा परियोजनाहरूको लागि आवश्यक ६ (छ) वटा थ्री फेज मिटर खरिद गर्ने र खरिद भएका उक्त मिटरको "कार्यक्रम खर्च निर्णय अनुसार शिर्षकबाट" भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ **'योजनाहरूको फरफारक वापतको रकम भुक्तानी दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट आ.व. २०७८/०७९ मा सञ्चालित योजनाहरूको भुक्तानी दिंदा कट्टी गरेको फरफारक रकम निर्माण कार्यसम्पन्न भएको मितिले कम्तिमा ६ (छ) महिना पूरा भएका योजना निर्माण गर्ने संस्था / फर्म / व्यक्ति / उपभोक्ता समितिलाई आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित योजनाको फरफारक वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. १४ :** प्रस्ताव नं. १४ **'बहुक्षेत्रीय पोषण योजनाको विस्तृत कार्ययोजना स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७०/०८० को लागि प्रस्तावित बहुक्षेत्रीय पोषण योजनाको विस्तृत कार्ययोजना (नेपाल सरकारको सशर्त अनुदानबाट रू. १६ लाख र नगरपालिकाको तर्फबाट म्याचिङ्ग रू. ८ लाख सहित जम्मा २४ लाखा) **अनुसूची-४** मा समावेश भएका योजनाहरू कार्यान्वयनको लागि स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १५ :** प्रस्ताव नं. १५ **'रिट नं. ०७९-WO-००८२ मुद्दामाको सम्पूर्ण कार्य गर्नको लागि अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा रिट निवेदक ओमबहादुर खत्री रहेको चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम), पुष्प वादी नगर प्रमुख चौरजहारी नगरपालिका रुकुम (पश्चिम), नगर शिक्षा समिति चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम), शेरप्रसाद ढकाल निमित्त प्रमुख प्रशासकीय अधिकृत चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम), र श्री बालहित माध्यमिक विद्यालय साक्चाखोला चौरजहारी नगरपालिका वडा नं. १४, रुकुम (पश्चिम) लाई समेत विपक्षी बनाई मिति २०७९/०४/२३ मा रिट नं. ०७९-WO-००८२ दाहेर गरेकोमा सर्वोच्च अदालतको मिति २०७९/०५/०१ को आदेश बमोजिम यस नगरपालिकाको नाममा १५ दिने सूचना सहितको उक्त आदेशको प्रतिलिपि मिति २०२७९/०५/१६ मा प्राप्त भएकोले सो मितिले १५ दिन भित्र सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ प्रस्तुत गरी तारेखमा रही मुद्दाको पूर्पक्ष गर्नुपर्ने भएकोले विपक्षीहरूको तर्फबाट सो मुद्दामा लिखित जवाफ दावी गर्न, कानुन व्यवसायी नियुक्ती गर्न, मुद्दामा सम्पूर्ण कार्य गर्नको लागि यस चौरजहारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत प्राविधिक सहायक श्री टिकाजंग ओलीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १६ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रकम विनियोजन भएको यस चौरजहारी नगरपालिका वडा नं. ३, रुकुम (पश्चिम) को मेलसोता चिसापानी सिँचाई कुलो निर्माण योजनामा खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, रुकुम (पश्चिम) बाटपनि सोही कार्यका लागि रकम विनियोजन भइ दोहोरो पर्न गएकोले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको योजनाको शीर्षक परिवर्तन गरी सोही वडाको खौचिने स्यालखोला सिँचाई कुलो निर्माण योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. १७ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि मुख्यमन्त्री कार्यालयबाट स्वीकृत योजनाहरूमध्ये चिसापानी नुहार सिँचाई कुलो निर्माण आयोजना संशोधनका लागि मुख्यमन्त्री कार्यालय, कर्णाली प्रदेशमा पठाइएकोले उक्त आयोजना बाहेक अन्य स्वीकृत भइ आएका आयोजनाहरू कार्यान्वयन तथा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नयाँ शहर आयोजना कार्यालय, चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) को आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार चौरजहारी नयाँ सहरमा कवर्ड हल निर्माणको लागि रकम विनियोजन भएकोले उक्त योजना सञ्चालन गर्न श्री शीतल माध्यमिक विद्यालय, चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) ले आफ्नो नाममा रहेको कि.नं. २२९४ को आवश्यक जग्गा उपलब्ध गराउने सिफारिस गरेबमोजिम उक्त स्थानमा कबड हल निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १९ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गतका वडाहरूमा सञ्चालन हुने योजनाहरूको उपभोक्ता समिति गठन गर्दा विवाद भइ वडाबाट सम्झौता तथा भुक्तानी सिफारिस नदिने अवस्था सिर्जना भएमा नगर प्रमुख वा उपप्रमुखले त्यस्ता उपभोक्ता समिति र योजनाहरूको अनुगमन गरी सिफारिसहरू दिने र सोही सिफारिसको आधारमा नगरपालिकाले सम्झौता गरी प्राविधिक मूल्याङ्कन तथा अन्य आवश्यक कागजातको आधारमा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २० :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, सिंहदरबार, काठमाण्डौको मिति २०७९/०४/०५ गतेको सूचना अनुसार यस चौरजहारी नगरपालिका अन्तर्गत वडा नं. ३ को अम्माचौरमा नगरपालिकाको नाममा रहेको बाँझो जमिनमा लागत सहभागितामा कृषि तथा पशु व्यवसाय (लेयर्स कुखुरा पालन र भैंसी पालन) गर्ने गरी सम्बन्धित मन्त्रालय / कार्यालयमा प्रस्ताव पेस गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प ... वादी
नगर प्रमुख

**निर्णय नं. २१ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) स्थित श्री शीतल माध्यमिक विद्यालयको भवन निर्माणको लागि स्वीकृत रकमको २०% रकम सुनिश्चिता गर्न सङ्घीय सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने प्रतिबद्धता सहित भारतीय राजदुताबाससँग उक्त विद्यालयको भवन निर्माणको लागि आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :** प्रस्ताव नं. १६ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको पूर्वाधार विकास समितिको मिति २०२९ भदौ २० गते बसेको बैठकको वडा नं. १ देखि १४ सम्मका सबै सडकहरू २०७९ को अविरल वर्षादका कारण बाढी र पहीरोबाट क्षति भएकोले उक्त क्षति भएका सडकहरूबाट जनताको दैनिक आवागमन र अत्यावश्यक सामग्री ढुवानीमा असर हुँदा दैनिक जनजीवन कष्टकर बन्दै गएको छ भने अर्को तर्फ नेपालीहरूको महान चाड दसैं र तिहार नजिकिदै गरेकोले चाडअघि तत्काल सडकहरूको मर्मत कार्य सम्पन्न नगरी आवागमन सुचारू गर्न सकिएन भने यसले आम नगरवासीमा निरासा उत्पन्न भइ आक्रोस हुने देखिन्छ सोही कुरालाई मध्यनजर गर्दै सडक मर्मत कार्य कार्यान्वयनको लागि टेन्डर प्रक्रियामा जाँदा लामो समय लाग्ने भएकोले चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमअनुसार उक्त सडकहरुको सिल कोटेशन मार्फत मर्मत सम्भार गर्ने निर्णय अनुमोदन गरियो ।

**यसरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शेरप्रसा... काल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख